परिच्छेद-दुई

# गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार कार्यविधि

**(नेपाल सरकारबाट मिति २०७५/२/२७ मा स्वीकृत)**

## १. पृष्ठभूमि

### गोपालप्रसाद रिमालको संक्षिप्त परिचय

वि.सं १९७५ साल जेष्ठ १८ गते बुबा उमाकान्त रिमाल र आमा आदित्य कुमारी रिमालका सुपुत्रका रुपमा काठमाडौंमा जन्मनु भएका गोपालप्रसाद रिमाल आधुनिक नेपाली साहित्य क्षितिजका चम्किला नक्षत्र हुन् । नेपाली गद्य कविताका प्रवर्तक रहेका रिमालले नेपाली नाट्यसाहित्यलाई नयाँ यथार्थवादी मोड दिएर उनी नेपाली नाट्य विधाका पनि अग्रणी स्रष्टा भएका छन् । उनले नेपाली कवितामा देशप्रेम र राष्ट्रिय धारामा समेत सशक्तता प्रदान गरेका हुन् । प्रगतिवादी चेतना प्रवल रहेका उनका कविताहरू नेपाली सामाजिक परिवर्तनका संवाहक समेत बनेका हुन् ।

### गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारको स्थापना र औचित्य

कवि एवम् नाटककार गोपालप्रसाद रिमालका उपर्युक्त योगदानहरूलाई स्मरण गर्दै उनले राष्ट्रको भाषा साहित्यलाई उत्कर्षमा पुऱ्याउन गरेका कार्यहरूको मूल्याङ्कन स्वरुप नेपाल सरकारले गोपालप्रसाद रिमालको नाममा राष्ट्रिय पुरस्कारको स्थापना गरेको छ । २०७५।०२।१३ मा सरकारले उक्त पुरस्कारको औपचारिक निर्णय गरेको हो । यसले राष्ट्रिय भाषा, साहित्य र संस्कृतिमा समर्पित महान स्रष्टाहरूले दिएका योगदानहरूको उच्चस्तरमा मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको कुराको पनि पुष्टि दिएको छ।

## २. पुरस्कारको नाम

क) यस पुरस्कारको नाम 'गोपालप्रसाद रिमाल राष्ट्रिय काव्य पुरस्कार' गोपालप्रसाद रिमाल राष्ट्रिय नाटक पुरस्कार' रहेको छ।

ख) यो पुरस्कार हरेक वर्ष नेपाली साहित्यका कविता र नाट्यविधामा उत्कृष्ट योगदान गर्ने राष्ट्रिय प्रतिभाहरू मध्येबाट छनोट गरी दुई (२) जनालाई प्रदान गरिने छ।

## ३. गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारका क्षेत्रहरू

क) **कविताः** यस विषयक्षेत्र अन्तर्गत स्फुट कविता र प्रबन्ध काव्यका साथै लामो



Scanned with CamScanner

कविता, गीति कविता, गीत, गजल आदि छन्दोबद्ध र छन्दमुक्त पद्य रचना पर्दछन् ।

ख) **नाटकः** यस विषयक्षेत्र अन्तर्गत नाटक लघुनाटक विधासंग सम्बन्धित साहित्यिक रचनाहरू पर्दछन् ।

## ४. पुरस्कारका निम्ति प्रतिभा चयनका आधार तथा विधि

क) गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार प्रदान गर्नका निम्ति सर्जक वा संस्थाको नाम चयन गरी सिफारिस गर्न प्रत्येक वर्ष गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार चयन समिति यसै दफाको बुँदा (ख) अनुसार गठन गरिनेछ । यस समितिले उपर्युक्त दुई (२) वटा विषयक्षेत्र मध्ये वरिष्ठतम् र विशिष्ट योगदान गर्ने स्रष्टा वा प्रतिभाको नाम चयन गरी पुरस्कारका निम्ति सिफारिस गर्ने छ । यस क्रममा सो समितिले पुरस्कार प्रदान गर्नका निम्ति प्राप्त सिफारिस तथा आवेदनहरूलाई पनि जानकारीमा लिनेछ। सिफारिश तथा आवेदनका अतिरिक्त वरिष्ठतम् र विशिष्ट योगदान गर्ने स्रष्टा वा प्रतिभाको खोजी अन्य विभिन्न स्रोत प्रयोग गरी गर्न सक्नेछ ।

ख) बुँदा (क) बमोजिम गठन हुने चयन समिति निम्न बमोजिम हुने छ ।

१) नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति - संयोजक

२) उल्लेखित विधामा कम्तीमा पच्चीस वर्ष साधना गरी राष्ट्रिय व्यक्तित्वका रुपमा ख्याति कमाएका विज्ञहरूमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मनोनयन गरेका एक जना विज्ञ - सदस्य

३) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख - सदस्य सचिव

ग) उपर्युक्त प्रत्येक विषयक्षेत्रसँग सम्बद्ध सर्जक, वरिष्ठ, ख्यातिप्राप्त, लोकप्रिय, विशिष्ट सिर्जनात्मक वा प्राज्ञिक योगदान गरेको र आफ्नो विषयक्षेत्रमा दिएको योगदानद्वारा नेपाली साहित्यमा राष्ट्रिय रुपमा प्रतिष्ठा आर्जन गरेको हुनुपर्नेछ । यस्तो सर्जक नेपाली नागरिक हुनेछ ।

घ) पुरस्कार प्रदान गरिने सर्जकका पुस्तकाकार कृतिहरू प्रकाशित भएको हुनुपर्नेछ र त्यस्ता कृतिहरू विशिष्ट र स्तरीय भएको हुनुपर्नेछ । यो कार्यविधिको अधिनमा रही अन्य मापदण्ड उपर्युक्तताका आधारमा समिति आफैले पनि तयार गर्नेछ ।

ङ) पुरस्कारका लागि सर्जकको नाम सिफारिश गर्दा चयन समितिले स्पष्ट आधार खुलाई सिफारिश गरेको हुनुपर्नेछ । उक्त सिफारिश बमोजिम नै पुरस्कार घोषणा गरिनेछ ।



Scanned with CamScanner

च) पुरस्कार प्राप्त गर्न योग्य सर्जक वा संस्थाको नाम चयन गर्ने सिलसिलामा व्यक्ति वा संस्थालाई पुरस्कार प्राप्त गर्न योग्य सर्जकको व्यक्तिगत विवरण सहित सिफारिस गर्नका लागि सार्वजनिक सूचना जारी गरिने छ। सर्जक वा संस्था स्वयंले पनि पुरस्कारका निम्ति आफ्नो विवरण सहित आवेदन दिन सक्नेछन्।

छ) प्रतिभाहरूबाट व्यक्तिगत विवरण पत्र प्राप्त गर्नका लागि मन्त्रालयले गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार सम्बन्धी तीस दिने सार्वजनिक सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत आव्हान गरिनेछ र सो सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत राखिनेछ। तर यस्तो सूचना पहिलो वर्ष ७ (सात) दिनको मात्र हुनेछ।

ज) गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार को लागि फारामको ढाँचा कार्यविधिको अनुसूची ३ बमोजिम हुनेछ।

झ) स्रष्टाहरूले पुरस्कार दावी गर्न चाहेको विधा स्पष्टसँग खुलाई तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण सहित मन्त्रालयको संस्कृति महाशाखा वा अन्य तोकिएको निकायमा विवरण पेश गर्नुपर्नेछ।

ञ) यसरी प्राप्त हुन आएका आवेदनहरूलाई मन्त्रालयको संस्कृति महाशाखामा संकलन गरी व्यवस्थित रुपमा अभिलेख राखी सम्बन्धित विधाको प्रतिभा छनौट समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ।

ट) दुईवटा विषयगत क्षेत्रमा प्रदान गरिने प्रत्येक पुरस्कारको राशि प्रतिविधा रु. १००,०००।- रू (एकलाख मात्र) हुनेछ। पुरस्कृत सर्जक वा संस्थालाई पुरस्कार रकमका साथै सम्मानपत्र समेत प्रदान गरिने छ।

ठ) पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको व्यक्तिगत विवरण मन्त्रालयबाट प्रकाशन हुने पुस्तिकामा समावेश गरिने छ।

ड) प्रत्येक वर्ष प्रदान गरिने गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारको घोषणा चयन समितको सिफारिशमा मन्त्रालयले गर्नेछ र विशेष अवसर पारी पुरस्कार सोही आर्थिक वर्षभित्र प्रदान गरिने छ।

ढ) माथि उल्लेख भएका मापदण्ड तथा कार्यविधिसँग नबाझिने गरी परि आएका बाधा अड्चन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुल्झाउने छ।



Scanned with CamScanner